# अबिरल वर्षाको कारण व्यापक क्षति



**गेजिङ, १२ सेप्टेम्बरः** गत राति परेको मुसलधारे पानीले पश्चिम सिक्किमका विभिन्न स्थानमा व्यापक क्षति भएको छ। वर्षाका कारण कसैको ज्यान मालको क्षति नभए तापनि धेरै परिवारमा धनमालको क्षति भएको छ। सोरेङ महकुमा अन्तर्गत दरामदिन समष्टिका केही स्थानमा पैह्रोले व्यापक क्षति भएको खबर छ। समष्टिको मुनिउ, तारेभीर, रूम्बुक आदि स्थानका २३ परिवारलाई राहत शिविरमा सारिएको छ। तारेभीर, खोलाटार, टाउकेटार, लोवरतारे भीर आदि चार स्थानमा राहत शिविर बनाइएको छ भने बुढ़ियाखोपमा तीन परिवार पैह्रोको चपेटमा परेका छन् जसमा जेके गुरूङ, इन्द्र बहादुर गुरूङ, कुल बहादुर गुरूङको घर क्षति भएको छ। इन्द्र बहादुर गुरूङको भान्सा घर, बाख्राको खोर, कोठेबारीमा लगाएको अन्नबाली नष्ट भएको छ। अर्कातिर दोदकमा धन बहादुर गुरूङको घर मुनिबाट खसेको पैह्रोले धेरै क्षति बनाएको छ। यसरी नै भीषण झरीको कारण सोरेङदेखि दरामदिनसम्म नौं ठाउँ सड़क बन्द भएको थियो भने समाचार लेखुञ्जेलसम्म जनकार्य विभागको सक्रियतामा सड़क खोलिएको खबर छ। आज यस प्राकृतिक प्रकोपको जायजा लिंदै क्षेत्र विधायक डीएन शेर्पा, बीडीओ सोरेङ, बीडीओ दरामदिन, एसडीएम सोरेङ, आपदा प्रबन्धन विभाग, स्थानीय पञ्चायत लगायत अन्यको टोलीले पीड़ित परिवारलाई भेट गरी क्षतिपूर्ति वितरण गरिने बताउँदै सान्तवना दिएका छन्।

# मुख्यमन्त्री चामलिङले लिगाउमा बिदाई रात्रिभोजमा भाग लिए

**गान्तोक, १२ सेप्टेम्बर।** मुख्यमन्त्री पवन चामलिङले मंगलबार जर्मनीको लिगाउमा ओडल्ब्युए आयोजकको निमन्त्रणमा बिदाई रात्रिभोजमा भाग लिए। बिदाई समारोहमा ओडब्ल्युए विजेताहरू र आयोजक समितिका सदस्यहरूबीच गम्भीर चर्चा परिचर्चा भएको जानकारी आइपीआर विभागले दिएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्रीले सम्पूर्ण विश्वमा जैविक अभियानमा सफलताको जश्न मनाउन तीन दिवसीय उत्सव फयदायी रहेको बताए। कार्यक्रममा सहभागी बन्न पाएकोमा खुशी व्यक्त गर्दै विश्वका विभिन्न ठाउँहरूमा जैविक कृषिलाई अगाडी बढाएर लैजान भइरहेका कार्यहरूबारे जान्ने अवसर पाएको बताए। उनले सिक्किम भारतको एउटा सानो हिमाली राज्य रहे पनि जैविक खेती अपनाएर सिक्किम आज देशमा विकासको एउटा नयाँ आदर्श बन्न पुगेको बताए। उनले सिक्किम अध्ययनको निम्ति उदाहारण बनेको बताउँदै सिक्किम मोडललाई विश्वले अनुशरण गर्न सक्ने बताए। उनले कार्यक्रममा उपस्थित वक्ताहरूले सुनाएका सफलताका कथाहरूले उर्जावान बनेको र धेरै प्रेरणा लिएर जाने बताए। मुख्यमन्त्रीले सिक्किमलाई मान्यता दिएकोमा आयोजक संस्था अनि पुरस्कार चयन समितिप्रति पनि आभार प्रकट गरे। उनले आफु कार्यक्रममा सिक्किमका एक प्रतिनिधिको रूपमा आएको तर कार्यकर्ताहरू, चिकित्सकहरू र अधिवक्ताहरूको वैश्विक समुदायका एक सदस्यको रूपमा फर्किरहेको बताए जसले जैविक अभियानलाई अझ अगाडी बढाउने आशा साचेका छन्। उनले स्वस्थ्य विश्वको निम्ति मानिसहरूको सामुहिक दृष्टिले आफु धेरै प्रेरित बनेको र यो समुदाय अझ बढेर जानेछ भन्ने आशा व्यक्त गरे। उनले समुदायबीच संवाद जारी रहनेछ भन्ने विश्वास पनि प्रकट गरे।

## सात वर्ष बितिसक्दा पनि पाबोङ सड़क मरम्मति नगरिएको आरोप

**गान्तोक, ११ सेप्टेम्बरः** याङगाङ– सिङताम (पाबोङ) सड़कको मरम्मति र बढ़ोत्तरीको काम थालेको लगभग ७ वर्ष बितिसक्दा पनि पाबोङ नजिक निर्मल खोल्सा (गुह्ये खोल्सा)–मा ठेकादारले एउटा ढुङ्गा पनि नछुँदा अहिले यो खोल्सा याङगाङवासीको निम्ति ठूलो समस्या बनेको सिक्किम क्रान्तिकारी मोर्चाका प्रचार सचिव विकास बस्नेतले एक विज्ञप्तिमा बताएका छन्। खोल्सा लगातार रूपमा बन्द रहँदा हाल यस क्षेत्रका जनताले करीब २ किलोमिटरको अधिक लामो र जीर्ण अवस्था भएको बाटोबाट घुमेर सिङताम, नाम्ची तथा गान्तोक आदि ठाउँहरुको दुःख लाग्दो यात्रा गर्नु परिरहेको छ। विज्ञप्तिमा बस्नेतले जनाए अनुसार मूल सड़क छोड़ी घुमेर हिँडन पर्ने बाटो धेरै साँघुरो रहेको हुँदा बर्खा याममा ठूलो घटना हुने डर पनि रहेको छ। जनता साथै चालकहरू यसरी ज्यान ताकमा रखेर हिड्नु परिरहेको तर विभाग र ठेकेदारहरूले भने मूल सड़कको यस खोल्सालाई ठीक गर्ने कुनै व्यवस्था मिलाएको छैन। सड़क थालेको ७ वर्ष भए पनि अहिलेसम्म निर्मल खोल्साको मरम्मति भने नगरिएको कारण स्थानीय भेकका जनतालाई आवत–जावत गर्न समस्या परिरहेको उनले बताएका छन्। विज्ञप्तिमा भनिएको छ, यही खोल्सामा करीब २ वर्षअघि एउटा पुल निर्माण गर्ने भनी त्यसको फाउण्डेशन पनि गरियो तर केही महीनापछि पुलको कथा पनि हरायो। अहिले यसको कुनै समाधान नदेखिएको र यसको विपरीत जनताले नै समस्या भोग्न परिरहेको उनले जनाएका छन्। सड़कको अवस्था ठीक नहुँदा, अर्को सड़क घुमेर जान परे गाड़ी भाड़ा धेर लाग्ने भएकोले जनताले आर्थिक संकट पनि झेल्न परिरहेछ। विशेष गरेर आपतकालीन अवस्थामा एम्बुलेन्स सेवालाई ठूलो समस्या परेकोले बिरामी अवस्थामा जनतालाई ठूलो आघात पुग्ने देखिन्छ। यो समस्याले गर्दा लोकल ट्याक्सी चालकहरुले पनि धैरै कष्ट भोगिरहेको बस्नेतले बताएका छन्।

## सिक्किम महिला पत्रकार संघद्वारा सुनादा मार्ग्रेट्स होप चियाबारीको गाउँमा राहत सामाग्री वितरण



**गान्तोक, १२ सितम्बर :** सिक्किम महिला पत्रकार संघद्वारा दार्जीलिङको सुनादा नजिकै मार्गेट्स होप चियाबारी (बढा रिङटङ) स्थित बस्ती गाउँका गोर्खाल्याण्ड आन्दोलन पिडित २५० परिवारलाई राहत सामाग्री वितरण गरियो। उक्त राहात सामाग्री लिएर गएको महिला टोलीलाई सोनादादेखि निर्मल देवानले अगुवाई गरेका थिए। यसरी मार्ग्रेट्स होप चियाबारीस्थित बस्ती गाउँको भानु पुस्तकालय प्राङ्गनमा पुगेपछि टोलीलाई हार्दिक स्वागत जनाए। यस अवसरमा स्वागत वक्तव्य निर्मल देवानले राखे भने बस्ती प्राथमिक पाठशालाका प्रधानाध्यापक तिलक राईले आफ्नो वक्तव्यमा यसरी पिडित परिवारहरूलाई सहयोग गरेकोमा सिक्किम महिला पत्रकार संघ साथै सिक्किमवासीप्रति आभारी रहेको जनाए। कार्यक्रमलाई सम्बोधन गर्नेक्रममा भानु पुस्तकालयका लाइब्रेरीयन जनकुमार सुब्बाले भने, प्रार्थना गर्ने ओंठ भन्दा सेवा गर्ने हात महान हुन्छ। यस्तै महान काम सिक्किमका मुख्यमन्त्री पवन चामलिङले गरेका छन्। उनले केन्द्र सरकारलाई दार्जीलिङको समस्या शीघ्र समाधान गरिदिने माग घरिघरि उठाउँदै आउनुभएको छ, उहाँप्रति हामी आभारी छौं। उक्त राहात वितरण कार्यक्रममा सिक्किम महिला पत्रकार संघका अध्यक्ष हेमा शर्माले भनिन् 'सिक्किम र दार्जीलिङ बीच हाम्रो चेली–माइतीको प्रगाड सम्बन्ध छ। दार्जीलिङलाई चोट लाग्दा सिक्किमलाई दुख्छ। यसरी सेवा कार्य गर्नमा तपाईहरुले हामीलाई प्रोत्साहित गर्नुभएकोले हामीलाई अरु सामाजिक काम गर्ने ऊर्जा बढनका साथै प्रेरणा प्राप्त भएको छ।' यसरी नै बस्ती गाउँ समाजका एक कार्यकर्ताले तपाई महिलाहरूको सहयोगले यहाँका महिलाहरूको आज चुल्हा जल्नेछ यो महत्वपूर्ण काम हो भन्दै आभार प्रकट गरे। यसैक्रममा सिक्किम महिला पत्रकार संघले सोनादा मुण्डाहट्टा गाउँमा पनि आर्थिक रुपमा विपनन ३० परिवारहरूलाई खाद्यन्न वितरण गर्‍यो। उक्त राहात संकलन कार्यक्रमलाई अघि बडाउनमा सिक्किम राज्यका सरकारी अधिकारी, कर्मचारी र आम मानिसहरूद्वारा उदारभावले आर्थिक सहयोग पुर्‍याएकोमा साथै लालबजारका सब्जी व्यापारी र मसला ब्यापारीहरुले राहात सामाग्री दिएर सहायता गरेकोमा सिक्किम महिला पत्रकार संघले कृतज्ञता प्रकट गरेको छ।

## दूग्ध उद्यममाथि कार्यशाला आयोजित

**गान्तोक, १२ सेप्टेम्बरः** नाबार्ड (एनएबीएआरडी)–को सिक्किम क्षेत्रीय कार्यालयद्वारा गान्तोकमा गत ८ सेप्टेम्बर डेरी उद्यम विकास योजना (डीईडीएस) विषयलाई लिएर राज्यस्तरीय कार्यशाला आयोजन गरियो। कार्यक्रममा एसबीआई, सिक्किम राज्य सहकारी ब्याङ्क लिमिटेडका वरिष्ठ अधिकारीवर्ग साथै पशुपालन, पशुधन, मत्स्य पालन, पशुचिकित्सा विज्ञान विभागलगायत खाद्य सुरक्षा एवं कृषि विकास विभागका प्रतिनिधिहरू उपस्थित थिए। यसरी नै कार्यशालामा लुइङ पर्विङ एमपीसीएस अनि आहो याङताम एमपीसीएसबाट डीईडीएस लाभार्थीहरूको पनि विशेष प्रतिनिधित्व रहेको थियो भने बितेका तीन वर्षदेखि डीईडीएस ऋण उपलब्ध गराउने ब्याङ्कका प्रमुखहरू पनि उपस्थित थिए। कार्यशालालाई सम्बोधन गर्ने क्रममा जीएम, ओआईसी अन्जना लामाले योजना अन्तर्गत वितेका तीन वर्ष उपलब्ध गराइएका ऋण आदि तथा विभिन्न स्तरमा यसको कार्यान्वयनलाई प्रकाशमा ल्याउँदै डीईडीएस सफ्टवेयर एवं सब्सिडी क्लेमको अनलाइन सब्मिशन शुरू गरिएको विषयमा जानकारी दिइन्। कार्यक्रममा डीईडीएस योजनाका विशेषता र यसको सञ्चालन सम्बन्धी विस्तृत विवरण प्रस्तुत गरियो। प्रबन्धक बी दउरीद्वारा गरिएको डीईडीएस सफ्टवेयर, सब्सिडी क्लेमको अनलाइन सब्मिशनको प्रस्तुतिकरण कार्यशालाको प्रमुख विषय बनेको थियो।

डा. डीएस तिवारी अनि डा. एनटी भोटिया (एएचएल एण्ड भीएस विभाग)– ले दूध दिने पशुहरूको प्रजाति, रोगहरू, बीमा दावीका विविध विषयमाथि महत्वपूर्ण जानकारी दिए। यसरी नै कार्यशालामा डा. रगवेन्द्र सिंह, केभीके अनि डा. प्रशान्त कुमार पाठक, (आईसीएआर)–ले पनि विशेष सुझाउहरू राखे। एलडीएम गोपाल लामाले कार्यशालामा सक्रियताको साथमा भाग लिंदै ब्याङ्कर्सको पक्षमा विभिन्न शङ्काहरूलाई स्पष्ट पारे। कार्यक्रममा उपस्थित प्रतिनिधिहरूले डीईडीएस सफ्टवेयर पोर्टल शुरू गरेकोमा नाबार्डले यस पहललाई स्वागत जनाउँदै पोर्टललाई सफलतापूर्वक प्रयोगमा ल्याउन सहयोग गर्ने आश्वासन दिए।

## लिङ्चोम तिक्जेक जीपीयूमा एसकेएमको सभा



**गान्तोक, १२ सेप्टेम्बरः** याङथाङ समष्टि अन्तर्गत लिङ्चोम तिक्जेक जीपीयूमा सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम)–पार्टीको ब्लक स्तरीय कार्यकारी समितिको समन्वय सभा सम्पन्न भयो। सभाको अध्यक्षता मुख्य युवा संयोजक जनक गुरूङले गरेका थिए भने सदस्य एसपी माङ्योङ मुख्य अतिथिको रूपमा उपस्थित थिए। यसैगरी सीएलसी अध्यक्ष बलराम सुब्बा, महासचिव पश्चिम हरि नारायण सुवेदी र अन्यको उपस्थिति थियो। सभामा जनक गुरूङले आउँदो पञ्चायत चुनाउ, पार्टीको युवा मोर्चा दह्रिलो बनाउनुपर्ने, अहिले भइरहेको सदस्यता अभियानलाई तीब्र बनाउनुपर्ने लगायत अन्य विषयहरूबारे जानकारी गराए।

यसैगरी एसपी माङ्योङले आफ्नो सम्बोधनमा पीएस गोलेको कुशल नेतृत्वमा एसकेएम पार्टी वर्तमान पिड़ीको पार्टी रहेको जनाउँदै एसकेएम पार्टीले युवामुखी सरकार गठन गर्ने दाबी गरे। वर्तमान सत्ताधारी पार्टीले मुख्यमन्त्रीको गुणगान गाउनेहरूलाई मात्र अवसर दिने गरेका कारण प्रत्येक क्षेत्रमा ठूलो भेदभाव अनि मनोपोली भएकाले सिक्किमको भविष्य अन्धकार बनेको बताए। उनले युवाहरूलाई पार्टीको कार्यक्रममा सक्रिय सहभागिता जनाउने अपील गर्दै सिक्किमको भविष्य सुरक्षाका लागि निस्वार्थ भावले अघि आउने आह्वान पनि गरेको एसकेएम पार्टीकी प्रचार सचिव रञ्जना प्रधानद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

## रम्फू विद्युत विभागमा सेफ्टी अवार्नेस प्रोग्राम

**रम्फू, ११ सेप्टेम्बरः** विद्युत विभाग रम्फू डिभिजनद्वारा आज दक्षिण सिक्किम मामरिङस्तिथ कार्यालयमा आफ्नो विभागका फिल्ड स्टाफहरूलाई लिएर एक दिवसीय सेफ्टी अवार्नेस प्रोग्राम आयोजित गरियो। रम्फू थाना प्रभारी विकाश तिवारी मुख्य अतिथिको रूपमा उपस्थित रहेको कार्यक्रममा टीआर शर्माले स्वागत सम्बोधन गरे। कार्यक्रममा मुख्य स्रोतवक्ताको रूपमा उपस्थित डीई भानुभक्त शर्मा, एई दिलीप राणा, राजेन्द्र गुप्ता, तरुण दुलाल आदिले विद्युत विभागका फिल्ड स्टाफहरूलाई काम गर्दा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरूबारे सविस्तार बताए। रम्फू थाना प्रभारी विकाश तिवारीले आफ्नो सम्बोधनमा काम गर्दा या ड्यूटीको समयमा मदपान नगर्ने अपील गरे भने सुरक्षात्मक सामग्रीहरूको प्रयोग नितान्त आवश्यक रहेको बताए। यस अवसरमा उपस्थित ३६ फिल्ड स्टाफहरूलाई सुरक्षाका सर–सामग्रीहरू प्रदान गरियो।


























VISIT OUR WEBSITE
hamroprajashakti.com


'हाम्रो प्रजाशक्ति'-का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ तादोङ, गान्तोक, सिक्किमबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113